बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

प.स.: २०८२/८३

च.नं.: ९३१५

V32P+FV Dedgaun

मिति:२०८२/१०/१८

श्री माछापुच्छ्रे इन्जिनियरिङ प्रा. लि.,
पोखरा–१०, लेखनाथ, कास्की।

**विषय:सम्झौता गर्न आउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस बौदीकाली गाउँपालिका मा Construction of Chwardikhola Bailey Bridge कार्य ठेक्का प्रक्रिया मार्फत गर्ने सन्दर्भमा प्रकाशित ठेक्का नं. BRM/NCB/WORKS-07/2082/83 अनुसारको सूचना बमोजिम पर्न आएको बोलपत्र मध्ये त्यस फर्मको नामवाट पेश हुन आएको कवोल अंक (भ्याट सहित) रु. १,१०,५४,२२६.५२/- (रू एक करोड दश लाख चौवन्न हजार दुई सय छब्बिस् रुपैया बाउन्न पैसा मात्र) भएको बोलपत्र न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्र स्वीकृत गर्न छनौट गरी मिति २०८२/१०/०९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा ७ दिने आशयको सूचना प्रकाशित हुँदा कोही कसैवाट कुनै दावी विरोध हुन नआएकोले कार्यालयको मिति २०८२/१०/१८ को निर्णयानुसार बोलपत्र स्वीकृत गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ को उपदफा ४ बमोजिम त्यस फर्मवाट लागत अनुमानको आधारमा १५% भन्दा बढी अंक घटेर कवोल गरेको पाईएकोले सो बमोजिम हुने रकम तपशिल मा उल्लेख भए बमोजिम घटि नहुने गरि सार्वजनिक खरिद नियमावली २०६४ (चौधौं संशोधन ) को नियम ११० मा तो मा तोकेबमोजिम म्याद समाप्त हुने अन्तिम मिति सम्झौताको मिति ले १२ महिना भएको ले कम्तिमा तपशिलमा तोकिए बमोजिम अवधिको लागि मान्य हुने गरी यस कार्यालयको नाममा वाणीज्य बैंक वा ग्यारेन्टी जारी गर्ने अधिकार प्राप्त वित्तिय संस्थावाट बैंक ग्यारेन्टी बनाई बैंक ग्यारेन्टी पत्रको सक्कलै प्रति सहित पत्रका मितिले १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न आउनु हुन जानकारी गराईन्छ। तोकिएको समय भित्र र प्रक्रिया पुरा भई सम्झौता गर्न नआएमा प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम भई जाने यसै पत्र साथ सूचित गरिन्छ।

तपशिल:-

| क्र.सं. | कार्यसम्पादन जमानत रकम | मान्य अवधि |
|---|---|---|
| १ | ४,७४,९६५.७७/-(चार लाख चौरहत्तर हजार नौसय पैसठ्ठी रुपैया सतहत्तर पैसा मात्र) | २०८४/११/३० |
| २ | ४,९३,६५९.१२/-(चार लाख त्रियानब्बे हजार छसय उन्नसाठी रुपैया बाह्र पैसा) | २०८३/११/३० |

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत